# पशु बधस्थलको मापदण्ड

## पशु वधशाला र मासु जाँच नियमावली ,२०५७ को नियम ६ ले पशु वधशाला नभएको स्थानमा मासु सुपरिवेक्षकले देहायको मापदण्ड पुगेको स्थानलाई स्थानीय तहसंग समन्वयगरी वघस्थल तोक्न सक्ने व्यवस्था गरेको छ ।

१.पशु वध गर्ने स्थानको भुई सजिलैसँग सफा गर्न सकिने,पानी नजम्ने र नसोस्ने किसिमले पक्की गरी निर्माण गरीएको ।

२.पशु वध गर्ने स्थानमा बाहिरबाट कुनै जनावर पस्न नसक्ने व्यवस्था मिलाईएको ।

३.वध गरिएको पशुलाई झुण्ड्याएर छाला काड्ने र मासु सफा गर्ने सुविधा भएको ।

४.स्वस्छ पानीको सुविधा भएको ।

५.वध गर्न स्थानबाट निस्किने फोहरमैला वातावरणलाई असर नपर्ने गरी तह लगाउने लव्यवस्था भएको ।

६. उपयुक्त छाना भएको ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
पशुपन्छी सेवा शाखा

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिंहदरवार, काठमाण्डौ।

# मासु पसलको मापदण्ड

## पशु वधशाला र मासु जाँच नियमावली ,२०५७ को नियम ८ र पशु वधशाला र मासु जाँच प्राविधिक निर्देशिका ,२०६४ को दफा ५ बमोजिम व्यवस्था ।

१.आफ्ना पसलबाट विक्रि गरिने मासु चेकजाँच गरी छाप लगाइएको हुनु पर्ने।

२.छाप लगाइएको मासुको बिक्रीको अन्तिम समयसम्म देखिने गरी राख्नु पर्ने ।

३.मासुमा पानी छर्कन वा मासु पानीमा डुबाउन वा पानीमा भिजाइएको कपडाले छोप्न नपाइने।

४.मासु झुण्डाउँदा छाना ,भित्ता ,भुई वा खम्बामा नछुने गरी झुण्डाउनु पर्ने ।

५.मासु तौलने ढक तराजुहरु अन्य वस्तु वा भुईमा लसपस नहुने गरी राख्नु पर्छ ।

६. प्रयोग भएको अवस्थामा अचानो तथा टेबुल सफासंग रहने गरी छोप्नुपर्ने ।

७.मासुमा कुनै प्रकारको रङ ,औषधि वा रसायन प्रयोग गर्न नपाईने ।

८. वङ्ध गरिएको पशुको भित्रिअंश ,आन्द्रा,भुँडी,टाउको ,खुरी ,रक्ति जस्ता भाग मासु पसलमा नै राखी बिक्रि गर्न चाहेमा मासुसंग लसपस नहुने गरी अलग्गै राखी बिक्रि गर्नुपर्छ।

९.मासु पसल देहाय बमोजिम निर्माण गरीएको हुनुपर्ने:

क.पर्याप्त क्षेत्रफल भएको र फौहोर वा पानी नजम्ने र नसोस्ने गरी सजिलैसाग सफा गर्न सकिने ,किरा मुसा प्रवेश गर्न नसक्ने गरी बनाइएको ।

ख.स्वच्छ र सफा पानीको पर्याप्त व्यवस्था भएको ।

ग.पसलको भित्ता पक्का खालको र सजिलैसँग सफा गर्न सकिने तथा सिलिङ धुलो मैलो नखस्ने र पानी नतर्किने गरी बनाइएको ।

घ.खेर गएका मासुका टुक्रा ,तरल पदार्थ सहज किसिमले तह लगाउने व्यवस्था मिलाइएको ।

ङ.बिक्री गर्न राखिने मासु झुण्डाउन हुकको व्यवस्था भएको ।

च.मासु पसलमा उपभोक्तले अर्को स्थानबाट हेर्न सक्ने व्यवस्था भएको ।

छ.बिक्री कक्षमा कोल्ड चेनको व्यवस्थाका लागि कम्तिमा फ्रिजको व्यवस्था भएको ।

ज.पसलमा निस्कने फोहोर व्यवस्थित तरिकाले तह लगाउन सकिने ।

**पशु बधशाला तथा मासु जाँच ऐन २०५५ कार्यान्वयन २०८३,मंसिर १ गतेबाट लागु हुनेछ ।**

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका पशुपन्छी सेवा शाखा

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिंहदरवार, काठमाण्डौ।

# पशु वधशाला र मासु जाँच ऐन, २०५५ कार्यान्वयन सम्बन्धी जानकारी

उपभोक्तालाई स्वस्थ मासु उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारबाट २०८३ मंसिर १ देखि काठमाण्डौ, भक्तपुर र ललितपुर जिल्लाका सबै स्थानीय तहहरुमा पशु वधशाला र मासु जाँच ऐन, २०५५ लागु हुदैछ। ऐन लागु भएपछी मासु निरीक्षकले पशुलाई वध अघि र पशु वधपछी मासु चेकजाँच गरी छाप लगाएर मात्र बिक्री वितरण हुने भएकोले स्वच्छ तथा स्वस्थ मासु उपलब्ध गराउन ऐन कार्यान्वयनमा उपभोक्ता तथा सम्पूर्ण सरोकारबालाहरुको सहयोगका लागि हार्दिक अनुरोध छ।

**"मासु मात्र हैन, स्वस्थ मासु खोजौ"।**

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिंहदरवार, काठमाण्डौ।

उपभोक्तालाई स्वस्थ मासु उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारबाट २०८३ मंसिर १ देखि काठमाण्डौ, भक्तपुर र ललितपुर जिल्लाका सबै स्थानीय तहहरुमा, २०८३ माघ १ गतेदेखि बाँकी नगरपालीकाहरुमा र २०८४ साउन १ गतेदेखि देशैभरी पशु वधशाला र मासु जाँच ऐन, २०५५ लागु हुने गरी राजपत्रमा सूचना प्रकाशन भएको हुदा ऐन कार्यान्वयनमा उपभोक्ता तथा सम्पूर्ण सरोकारबालाहरुको सहयोगका लागि मन्त्रालय हार्दिक अनुरोध गर्दछ।

**"मासु मात्र हैन, स्वस्थ मासु खोजौ"।**

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिंहदरवार, काठमाण्डौ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
पशुपन्छी सेवा शाखा
बोर्ड

# मासु पसलले इजाजतपत्र लिनु पर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

नेपाल सरकारले नेपाल राजपत्रमा काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका सबै स्थानीय तहहरुमा २०८३ मंसिर १ गतेदेखि पशु वधशाला र मासु जाँच ऐन, २०५५ लागू हुने गरी सूचना प्रकाशन गरेको छ। तसर्थ, पशु वधशाला तथा पशु वधस्थल सञ्चालन गर्न र मासु बिक्री गर्न चाहने व्यक्ति वा संस्थाले २०८३ मंसिर १ गतेभित्र पशु वधशाला र मासु जाँच नियमावली, २०५७ अनुसारको मापदण्ड पूरा गरी सम्बन्धित निकायबाट इजाजत लिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

**"मासु मात्र हैन, स्वस्थ मासु खोजौं"।**

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिंहदरवार, काठमाण्डौ।

स्वस्थ र प्रमाणित मासु उपभोग गर्नु तपाईंको कानुनी अधिकार हो !

पशु वधशाला र मासु जाँच ऐन अनुसार पशु चिकित्सकद्वारा जाँच गरी छाप लगाएको मासु किनौं।

सचेत उपभोक्ता बनौं, सुरक्षित आहार सुनिश्चित गरौं।

**"मासु मात्र हैन, स्वस्थ मासु खोजौं"।**

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिंहदरवार, काठमाण्डौ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका पशुपन्छी सेवा शाखा बोर्ड

## के तपाईलाई थाहा छ?

पशु वधशाला वा मासु सुपरीवेक्षकले तोकेको ठाउँमा वाहेक अन्यत्र मासु काटेर वेच्न पाईदैन।

तर चाडपर्व, धार्मिक पुजाआजा, कुनै भोजभतेर वा धार्मिक उत्सव जस्ता कार्यको शिलशिलामा पशु वधशाला वाहेकका स्थानमा पशु बधगरी छाला सहितको मासु खान कानूनले रोक्दैन।

**"मासु मात्र हैन, स्वस्थ मासु खोजौ"।**

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिंहदरवार, काठमाण्डौ।

## के तपाईलाई थाहा छ?

मिसावट गरी मासु बिक्री गर्न हुदैनः कुनै एक जातको पशुको मासुलाई अर्को जातको पशुको मासु हो भनि वा मिसावट गरी मासु बिक्री गर्न पाईदैन।

मासुको स्वाभाविक गुण वा स्वाद परिवर्तन गर्ने वा तौल वढाउने गरी कुनै पदार्थ मासुमा मिसाई बिक्री गर्न पाईदैन।

**"मासु मात्र हैन, स्वस्थ मासु खोजौ"।**

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिंहदरवार, काठमाण्डौ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
पशुपन्छी सेवा शाखा
बोडे